आज मिति २०८२ साल आश्विन ०१ गते बिहिबारका दिन यस कटारी नगरपालिका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री राजेश चन्द्र श्रेष्ठज्यूको अध्यक्षतामा बसी देहायका निर्णयहरू गरियो ।

<u>उपस्थिति:</u>

| क्र.सं. | पदाधिकारीको नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | राजेश चन्द्र श्रेष्ठ | नगरप्रमुख | |
| २. | गिता खड्का | नगर उपप्रमुख | |
| ३. | पदम लाल मगर | वडाध्यक्ष, वडा नं. १ | |
| ४. | प्रेम बहादुर क्षेत्री | वडाध्यक्ष, वडा नं. २ | |
| ५. | पुष्कर खड्का | वडाध्यक्ष, वडा नं. ३ | |
| ६. | भुपेन्द्र सिंह तामाङ्ग | वडाध्यक्ष, वडा नं. ४ | |
| ७. | मोहन बहादुर तामाङ्ग | वडाध्यक्ष, वडा नं. ५ | |
| ८. | प्रेम बहादुर मगर | वडाध्यक्ष, वडा नं. ६ | |
| ९. | सुविन ढुङ्गाना | वडाध्यक्ष, वडा नं. ७ | |
| १०. | नविन्द्र कुमार तामाङ्ग | वडाध्यक्ष, वडा नं. ८ | |
| ११. | बेग बहादुर आले मगर | वडाध्यक्ष, वडा नं. ९ | |
| १२. | क्षेत्र बहादुर खड्का | वडाध्यक्ष, वडा नं. १० | |
| १३ | अनन्त हायु | वडाध्यक्ष, वडा नं. ११ | |
| १४. | यम्बर बहादुर कटुवाल | वडाध्यक्ष, वडा नं. १२ | |
| १५. | शम्भु श्रेष्ठ | वडाध्यक्ष, वडा नं. १३ | |

CamScanner

| | | | |
|---|---|---|---|
| १६. | अम्बर बहादुर मगर | वडाध्यक्ष, वडा नं. १४ | [signature] |
| १७. | देवी कुमारी घिमिरे | कार्यपालिका सदस्य | [signature] |
| १८. | भगवती अधिकारी | कार्यपालिका सदस्य | [signature] |
| १९. | मेलिना श्रेष्ठ | कार्यपालिका सदस्य | [signature] |
| २०. | गिता कुमारी गिरी | कार्यपालिका सदस्य | |
| २१. | सम्झना मुरी मगर | कार्यपालिका सदस्य | |
| २२. | हेम कुमारी बि.क. | कार्यपालिका सदस्य | [signature] |
| २३. | मञ्जु कुमारी राई दनुवार | कार्यपालिका सदस्य | [signature] |
| २४. | जितेन्द्र बराईली | कार्यपालिका सदस्य | |
| २५. | राजन थापा | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | [signature] |
| | बैठक सञ्चालन सहयोगी कर्मचारी | | |
| १ | परेक ब. बुढा | लेखा अधिकृत | [signature] |
| २ | गोविन्द खड्का | अधिकृत | [signature] |
| ३ | सोमनाथ गाउँले | सूचना प्रविधि अधिकृत | [signature] |
| ४ | परशुराम दनुवार | का.स. | [signature] |
| | | | |

मिति २०८२ असोज २ गते बिहिबार बसेको कटारी नगरपालिका, नगर कार्यपालिकाको बैठकको प्रस्ताव र निर्णयहरू

प्रस्तावहरू:

१. स्थानीय दररेट सम्बन्धमा ।
२. बजेट कार्यान्वयन सम्बन्धमा ।
३. एम्बुलेन्स खरिद गर्ने सम्वन्धमा ।
४. कटारी अस्पतालमा कार्यरत कर्मचारीको करार म्याद थप गर्ने सम्बन्धमा।
५. विविध ।

निर्णयहरू:

**निर्णय नं. १:- प्रस्तावित विषय नं.** १ माथि छलफल गर्दा चालु आ.व. २०८२/८३ को लागि जिल्ला प्रशासन कार्यालय, उदयपुरले मिति २०८२ असार २९ गते तयार पारेको जिल्ला दररेटलाई नै यस कटारी नगरपालिका, उदयपुरको चालु आ.व. २०८२/८३ को स्थानीय दररेटका रूपमा स्वामित्त्व लिने र मिति २०८२ साउन १ गतेदेखिं यता भएका सबै कामलाई यसै स्वीकृत दररेट अनुरूप भएको मानिने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. २:- प्रस्तावित विषय नं.** २ माथि छलफल गर्दा कटारी नगरपालिकाको चालु आ.व. २०८२/८३ का लागि विनियोजित बजेट तथा कार्यक्रम कार्यान्वयनका सन्दर्भमा मिति २०८२ भदौ २४ गते भएको आन्दोलन र तोड़फोडले तीन तहकै सरकारमा ठूलो क्षति भएको सो पुनर्निर्माण लगायतका कारण सङ्घीय र प्रदेश सरकारबाट प्राप्त हुने स्रोतमा कमी हुन सक्ने अवस्थालाई मध्यनजर गर्दै हाललाई नगरपालिका र वडा तर्फ विनियोजित बजेटको २५ प्रतिशत रकम कार्यान्वयन स्थगित गरी बाँकी ७५ प्रतिशत कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ३:- प्रस्तावित विषय नं.** ३ माथि छलफल गर्दा कटारी नगरपालिका वडा नं. ८ को प.सं. २०८२/८३, च.नं. १३७ तथा मिति २०८२/०५/२० को पत्र र स्वास्थ्य चौकी सिरिसेको प.सं. २०८२/८३, च.नं. ०७ तथा मिति २०८२/०५/१९ को पत्रबाट उक्त वडाको स्वास्थ्य चौकीलाई सौर्य सिमेन्ट प्रा.लि.ले थान १ (एक) एम्बुलेन्स उपलब्ध

गराउने प्रस्ताव गरेकोले नेपाल सरकारको मापदण्ड बमोजिम कर छुटका लागि सम्वन्धित निकायमा सिफारिस दिने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ४:-** प्रस्तावित विषय नं. ४ माथि छलफल गर्दा यस कटारी नगरपालिका अर्न्तगत रहेको कटारी अस्पताल मिति २०८२ साउन १ गते देखि कोशी प्रदेश सरकारमा हस्तान्तरण भएसँगै उक्त अस्पतालमा यस नगरपालिकाको स्रोतमा कार्यरत तपशीलका कर्मचारीलाई चालु आ.व. २०८२/८३ को साउन र भदौ महिनाको साविक सम्झौता बमोजिम करार निरन्तरता दिने र सो पछि निजहरूको सम्पूर्ण जिम्मेवारी कोशी प्रदेश सरकारमा हस्तान्तरण भएको कटारी अस्पतालको नै हुने सर्वसम्मत निर्णय गरियो।

**तपसिलः**

| क्र.सं. | नाम,थर | पद/तह | म्याद थप हुने समय | कैफियत |
|---|---|---|---|---|
| १. | श्रवण तामाङ्ग | अहेव/चौथो | २ महिंना | |
| २. | रिता लामा | डेन्टल हाइजिनिष्ट/पाँचौ | २ महिना | |
| ३. | डोल्मा तामाङ्ग | अ.न.मी./चौथो | ६ महिना | सोरूङ्ग बर्थिङ्ग सेन्टर पठाउने गरी |
| ४. | ज्योति सुनुवार | स्टाफ नर्स/पाँचौ | २ महिना | |
| ५. | अमृता राई | अ.न.मी./चौथो | २ महिना | |
| ६. | इन्दिरा मगर | अ.न.मी./चौथो | २ महिना | |
| ७. | रत्न मायाँ राई | श्रेणी विहिन/का.स. | २ महिना | |
| ८. | बिमा तामाङ्ग | श्रेणी विहिन/का.स. | २ महिना | डोर हाजिरी |
| ९. | गायत्री खत्री | श्रेणी विहिन/का.स. | २ महिना | डोर हाजिरी |

**विविध**

१. आ.व. २०७३/०७४ देखि २०८०/८१ सम्म महालेखा परीक्षकको कार्यालयबाट प्रतिवेदनमा उल्लेख भएको पेश्की बेरूजु फछ्यौंट गर्न सम्बन्धित व्यक्ति, कर्मचारी, निर्माण व्यवसायी, संस्था तथा विभिन्न निकायलाई पत्राचार गरिएकोमा उक्त पक्षबाट कानून सम्मत प्राप्त भएको बिल भरपाई, भौचर तथा अन्य पुष्टयाई सहितका कागजातका आधारमा पेश्की फछ्यौंट गर्ने सर्वसम्मत निर्णय गरियो ।

२. आ.व. २०७३/०७४ देखि २०८०/८१ सम्म महालेखा परीक्षकको कार्यालयवाट प्रतिवेदनमा उल्लेख भएको असुल उपर बेरूजु फछ्यौंट गर्न सम्वन्धित व्यक्ति, कर्मचारी, जनप्रतिनिधि, निर्माण व्यवसायी, संस्था तथा विभिन्न निकायलाई पत्राचार गर्ने उक्त पक्षवाट कानून सम्मत प्राप्त भएको भौचरका आधारमा बेरूजु फछ्यौंट गर्ने सर्वसम्मत निर्णय गरियो।

३. यस नगरपालिकाको नगर शिक्षा समितिको मिति २०८२/०१/३१ गते बसेको बैठकबाट निर्णय भएको तथा यसै नगरपालिकाको शिक्षा तथा खेलकुद शाखाबाट पेश भए बमोजिम कटारी नगरपालिकाको विद्यालय शैक्षिक गुणस्तर तथा कार्यसम्पादन स्वमूल्याङ्कन कार्यविधि, २०८२ स्वीकृतिका लागि निर्णयार्थ पेश भएकोमा सर्वसम्मतले स्वीकृत गर्ने निर्णय गरियो ।

४. यस नगरपालिकाको सामाजिक विकास समितिको मिति २०८२/०१/०९ मा बसेको बैठकको निर्णय तथा यसै नगरपालिकाको शिक्षा तथा खेलकुद शाखाबाट पेश भए बमोजिम यस नगरपालिकामा रहेको मातृविद्यालय मा.वि. कालिखोला, डम्बरूद्रेश्वर आ.वि. बतासे, मातृ विद्यालय आ. वि. कुरिङ्ग भञ्याङ्ग र आ. वि. मर्जेतपुरमा निजी व्यवस्थापनवाट बाल विकास कक्षा सञ्चालन गरिरहेकोमा बाल कक्षा अनुमति सहित कक्षा सञ्चालन गर्न पेश भएकोमा सो अनुमति दिने सर्वसम्मत निर्णय गरियो ।

५. यस नगरपालिकाको नगर शिक्षा समितिको मिति २०८२/०४/३० मा बसेको बैठकबाट निर्णय तथा यसै नगरपालिकाको शिक्षा तथा खेलकुद शाखाबाट पेश भए बमोजिम कटारी नगरपालिकामा सञ्चालित श्री त्रिवेणी एजुकेशन एकेडेमी विद्यालयलाई माध्यामिक तह कक्षा ९ सञ्चालन गर्न अनुमति माग भए अनुसार यस नगरपालिकाको कक्षा थप सम्बन्धी प्रचलित कानून पूरा गरेपछि तथा आवश्यक शुल्क भुक्तानी भएपछि कक्षा थप गर्न दिने सर्वसम्मतले स्वीकृत गर्ने निर्णय गरियो ।

६. कटारी अस्पताल, कटारी, उदयपुर, कोशी प्रदेशको प.सं. २०८२/८३, च.नं. ८८ तथा मिति २०८२/०६/०२ को पत्रबाट बाल रोग, महिला रोग, हाड जोर्नी, जेनरल फिजिसियन, एनेस्थेसियोलोजिष्ट तथा जेनरल सर्जरी सेवालाई सुरूवात र निरन्तरता दिन रू. २४ लाख रकम सहयोग माग भएको छ । उल्लिखित विशेषज्ञमा मात्र उक्त सहयोग रकम परिचालन सम्वन्धी स्पष्ट सूचक सहितको कार्यविधि पेश गर्न लगाउने र उक्त कार्यविधिको अधिनमा रही कार्यसम्पादन गरेमा मागको आधारमा सहयोग परिचालन गर्न कटारी नगरपालिकाको आगामी नगरसभाबाट कटारी नगरपालिकाको आर्थिक ऐन, २०८२ को अधिनमा रही रकमान्तर मार्फत स्रोत मिलाउने सर्वसम्मत निर्णय गरियो ।

CamScanner

७. देवीचन्द्र निर्माण सेवा, कटारी नगरपालिका, वडा नं. १४ ले CSEB Block (30*15*10cm) र (23*23*10cm) दररेट कायम गरिदिनु हुन अनुरोध भए बमोजिम यस नगरपालिकाको पूर्वाधार विकास शाखाको राय बमोजिम स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम अनुसार प्रति गोटा क्रमशः मूल्य अभिवृद्धि कर बाहेक रू. ५०/- र रू. ५८/- कायम गर्ने सर्वसम्मत निर्णय गरियो।

८. सम्बन्धित वडा कार्यालयको सिफारिस, उपचाररत अस्पतालको पत्र तथा निवेदकको निवेदनका आधारमा तपशिल बमोजिमका व्यक्ति/संस्थालाई देहाय अनुरुप आर्थिक सहायता दिने सर्वसम्मत निर्णय गरियो।

| क्र.सं. | व्यक्ति/संस्थाको नाम | वडा | कारण | सहायता रकम (रु.) |
|---|---|---|---|---|
| १. | राजन बहादुर खड्का | वडा नं. ४ | सुगर बिरामी | २०,०००।- |
| २. | तिर्थ कुमारी तामाङ्ग | वडा नं. ८ | क्यान्सर बिरामी | २०,०००।- |